दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १३ | बुटवल | २०८२ पौष २३ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday January 07, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## एमाले सचिवालय बैठकले के–के गऱ्यो निर्णय ?



बुटवल । नेकपा एमालेको सचिवालय बैठकले विभिन्न निर्णयहरु गरेको छ । सचिवालय बैठकले अध्यक्ष ओलीको संयोजकत्वमा फागुन २१ मा हुने चुनावी घोषणा पत्र मस्यौदा कमिटी गठन गरेको उप-महासचिव लेखराज भट्टले बताए ।

कमिटीमा उपाध्यक्षद्वय रामबहादुर थापा बादल र विष्णु पौडेल, महासचिव शंकर पोखरेल, नेताहरू ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र विष्णु रिमाल सदस्य रहेको उनले बताए ।

यस्तै निर्वाचन परिचालन कमिटीको संयोजकमा रामबहादुर थापा बादललाई जिम्मेवारी दिइएको छ । एमालेले युवा संघका अध्यक्ष क्षितिज थेबेलाई निर्वाचनमा युवा परिचालनको संयोजक तोकेको छ ।

नेकपा एमालेले प्रदेश संयोजक तोकेको छ । मंगलबार बसेको सचिवालय बैठकले प्रदेश र निर्वाचनको संयोजक गर्नेगरी नेताहरूलाई जिम्मेवारी दिएको उप-महासचिव लेखराज भट्टले बताए ।

जसअनुसार कोशीमा शेरधन राई, मधेशमा लीलानाथ श्रेष्ठ, बागमतीमा महेश बस्नेत, राजधानीमा डा. राजन भट्टराई,गण्डकीमा खगराज अधिकारी, लुम्बिनीमा पद्मा अर्याल, कर्णालीमा यामलाल कँडेल, सुदूरपश्चिममा गणेश ठगुन्ना र संगठन विभागमा भानुभक्त ढकालले जिम्मेवारी पाएका छन् ।

यस्तै एमाले सचिवालय बैठकले हालै अमेरिकाले भेनेजुएलामा अपनाएको व्यवहारको विरोध गर्दै संयुक्त राष्ट्रसंघको वडापत्रको उल्लंघन हुने कुनै पनि कार्य नगर्न आग्रह गरेको छ ।

'हामी सदैव स्थायी विश्व शान्तिको पक्षमा छौं,' एमाले सचिवालय बैठकपछि उप-महासचिव लेखराज भट्टले भने-'हामी एउटा मूल्यमा चल्नुपर्छ, संयुक्त राष्ट्रसंघको वडापत्रका आधारमा चल्नुपर्छ । मुलुकको सार्वभौमिकता, अखण्डताको सम्मान गर्नुपर्छ । अमेरिकाद्वारा भेनेजुएलामा भएको व्यवहार र विश्व न्यायिक दृष्टिकोणले हेर्दा कदापी स्वीकार्य हुन सक्दैन । यस्तो घटनाको हामी विरोध गर्दछौँ । विश्व व्यवस्थातर्फ फर्कन हामी आह्वान गर्दछौँ ।'

एमालेले जनकपुर र वीरगञ्जमा भएको समाजिक सद्भाव खलबलाउने घटनाप्रति पनि गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । द्वन्द्व भड्काउने काम नगर्न र सामाजिक सद्भाव कायम राख्न एमालेले आग्रह गरेको छ ।

## बालेनले पठाए जाँचबुझ आयोगलाई लिखित जवाफ

बुटवल । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले जाँचबुझ आयोगमा लिखित जवाफ पठाएका छन् । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनबारे बुझ्नका लागि आयोगले मेयर शाहलाई लिखित पत्र पठाएको थियो ।

उक्त पत्रको जवाफ शाहले पठाएको आयोगका प्रवक्ता विज्ञानराज शर्माले बताए । 'उहाँले पठाउनुभएको लिखित जवाफ आयोगमा प्राप्त भएको छ ।'- प्रवक्ता शर्माले भने ।

आयोगले बयानलगायतका काम सकेर अब प्रतिवेदन लेखनको काम अघि बढाएको छ । आयोगले गतसाता गृहमन्त्री रमेश लेखकको लिखित वक्तव्य र बयान लिएको थियो ।

आयोगले यसअघि नै जेनजी आन्दोलनसँग सम्बन्धित विवरण र अरु तथ्यांकहरू संकलन गरेको थियो । तल्ला तहका सुरक्षा अधिकारीहरूसँगको बयानपछि आयोगले काठमाडौंका तत्कालीन प्रहरी प्रमुख, उपत्यका प्रहरी कार्यालय, प्रहरी मुख्यालयका उच्चपदस्थ अधिकारीहरूसँग बयान लिएको थियो ।

त्यसबाहेक सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागका साथै काठमाडौंका प्रमुख जिल्ला अधिकारी, तत्कालिन गृहसचिव, मुख्यसचिवलगायतसँग पनि आयोगले बयान लिएको छ । प्रधानसेनापति अशोकराज सिग्देलले पनि आफ्ना अधिकारीहरूका साथमा आयोगमा पुगेर बयान दिएका थिए । आयोगले सुरुमै पूर्वगृहमन्त्री रवि लामिछानेलगायतसँग बयान लिएको थियो । सोमबार मात्रै तत्कालीन प्रधानमन्त्री ओलीले पनि आयोगलाई लिखित बयान (स्टेटमेन्ट) बुझाएका थिए ।

# राष्ट्रियसभाका १८ सिटमा चार दलबिच भागबण्डा

### सहमतिअनुसार कांग्रेसले ७, एमालेले ७, नेकपाले ३ र जसपाले १ सिट पाउने छन् ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

आसन्न राष्ट्रियसभा निर्वाचनमा चार दलबिच गठबन्धन गर्ने सहमति भएको छ । नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र जनता समाजवादी पार्टी (जसपा) बिच चुनावी तालमेल गर्ने सहमति भएको हो ।

कांग्रेसको पहलमा एमाले, नेकपा र जसपा पनि राष्ट्रियसभा निर्वाचनमा एकैठाउँमा आइपुगेका छन् । कांग्रेस कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता रमेश लेखकले एमाले र नेकपाका नेताहरूसँग पटक पटक छलफलपछि राष्ट्रिय सभा निर्वाचनमा चार दलबिच भागबण्डामा सहमति जुटेको हो ।

कांग्रेसका एक नेताका अनुसार निर्वाचन हुने १८ सिटमा कांग्रेसले ७, एमालेले ७, नेकपाले ३ र जसपाले १ सिट पाउने सहमति भएको छ । पार्टी स्ट्रेन्थअनुसार कांग्रेसले ८ सिटमा दाबी गरे पनि नेकपाका लागि एउटा सिट छाडेको ती नेता बताउँछन् ।

सोमबार कांग्रेस कार्यवाहक सभापति खड्का र नेता लेखक एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास गुण्डु पुगेका थिए । छलफलमा अध्यक्ष ओली राष्ट्रियसभामा एमालेको उपस्थिति निकै कम रहेको भन्दै ७ सिटभन्दा तल झर्न तयार नभएको स्रोतको भनाइ छ ।

ती नेताका अनुसार पार्टीको 'स्ट्रेन्थ' र आन्तरिक शक्तिसन्तुलन मिलाउन पनि नेकपालाई ४ सिट चाहिने नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डको माग थियो । मंगलबार बिहान कांग्रेस नेता लेखकले प्रचण्ड, नेकपाका सहसंयोजक माधवकुमार नेपाल र नेता नारायणकाजी श्रेष्ठ सहभागी हात्तीवनको छलफलमा एमाले अध्यक्ष ओलीसँग भएको कुराकानीबारे 'ब्रिफिङ'सहित ३ सिटमा सहमतिका लागि प्रस्ताव राखेका थिए ।

नेकपाका नेता श्रेष्ठले कांग्रेस नेता लेखकसँग राष्ट्रिय सभा निर्वाचनको विषयमा केन्द्रित रहेर छलफल भएको बताए ।

राष्ट्रियसभा निर्वाचनबारे जसपा अध्यक्ष उपेन्द्र यादव र नेता महन्थ ठाकुरसँग कांग्रेस नेताहरूले टेलिफोन संवाद गरिरहेको बुझिएको छ ।

छलफलमा संलग्न नेताहरूका अनुसार राष्ट्रियसभा सिट बाँडफाँटमा कांग्रेस र एमालेबिच क्लस्टर र प्रदेशगत भागबन्डा मिलिसकेको छैन । पुस २३ गते उम्मेदवारी दर्ताको कार्यतालिका रहेकाले क्लस्टर र प्रदेशगत भागबन्डा मिलाउन छिटै सहमति गरिसक्नुपर्ने बाध्यता छ ।

एमाले उप-महासचिव लेखराज भट्टले पनि राष्ट्रियसभाको निर्वाचनका लागि सिटको क्लस्टर मिल्न बाँकी रहेको बताए । एमाले सचिवालय बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उप-महासचिव भट्टले भने-'हरेक प्रदेशमा १ जना पर्नेगरि हामीले ७ जना भनेका छौँ, तर कुन प्रदेशमा महिला कति र पुरुष कति, कसले लिने टुंगो केही लागेको छैन ।'

एमाले सचिवालय बैठकले यसबारे सहमति गर्न अध्यक्ष ओलीलाई जिम्मेवारी दिएको उनको भनाइ छ । '

कसले कति सिट पाउने भन्ने बाँडफाँट भएको छ, तर क्लस्टरवाइज कसलाई कहाँ पर्छ भन्ने टुंगो अझैं नलागेको हुनाले नेपाली कांग्रेससँग हाम्रो अध्यक्षले छलफल गरेर टुंगो लगाउने अधिकार अध्यक्षलाई दिएको छ ।'-भट्टले भने ।

राष्ट्रियसभाका कोसी र लुम्बिनी प्रदेशबाट ३-३ जना, मधेस प्रदेशबाट ४ जना, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट २-२ जना गरी १८ जना सदस्यका लागि निर्वाचन हुँदैछ । ५९ सदस्यीय राष्ट्रियसभामा अहिले कांग्रेसका १६, एमालेका (राष्ट्रपतिबाट मनोनितसहित) ११, नेकपाका (राष्ट्रपतिबाट मनोनितसहित) २७, जसपाका ४ र राष्ट्रिय जनमोर्चका १ जना सांसद छन् ।

आगामी फागुन २१ गते कार्यकाल सकिन लागेका राष्ट्रियसभाका सदस्यमा एमालेका ८, मनोनित बामदेम गौतमसहित नेकपाका ९ र जसपाका २ जना छन् ।

आउँदो माघ ११ गते राष्ट्रियसभाका १८ सदस्यको निर्वाचन हुनेछ भने एक जना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित हुनेछन् । २०७६ सालमा भएको राष्ट्रियसभा निर्वाचनबाट निर्वाचित सदस्यको कार्यकाल सकिन लागेको हो । यसमा कांग्रेसका भने कोही छैनन् ।

राष्ट्रियसभा निर्वाचनमा प्रदेशसभा सदस्य र स्थानीय तहका पदाधिकारी मतदाता हुन्छन् । प्रदेशसभा सदस्यको मतभार ५३ र स्थानीय तहका पदाधिकारीको मतभार १९ छ ।

एक्लाएक्लै चुनाव लड्दा कोसीमा एमाले र बाँकी ६ प्रदेशमा कांग्रेसको मतभार धेरै छ । कांग्रेस, एमाले, नेकपा र जसपाले गठबन्धन गरी उम्मेदवारी दर्ता गर्दा निर्विरोध निर्वाचित हुने सम्भावना रहेको छ ।

न्यून मतभार भएका राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीलगायका दलको राष्ट्रिय सभा निर्वाचनमा प्रतिस्पर्धामा उत्रिने तयारी देखिएको छैन । यद्यपि राजनीतक उपस्थितिका लागि पनि केही प्रदेशमा राष्ट्रियसभामा उम्मेदवारी दिने सम्भवना रहेको राप्रपाका प्रवक्ता मोहन श्रेष्ठ बताउँछन् ।

## माघ ६ गतेपछि विशेष महाधिवेशन : शेखर



बुटवल । नेपाली कांग्रेसका वरिष्ठ नेता डा.शेखर कोइरालाले सहमतिका आधारमा केन्द्रीय कार्यसमितिले नै विशेष महाधिवेशन आह्वान गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् ।

मंगलबार आफ्नो निजी सचिवालयमा पार्टीका ३० भन्दा बढी केन्द्रीय सदस्यहरूसँग भएको छलफलमा नेता कोइरालाले यस्तो धारणा राखेका हुन् । 'अहिले राष्ट्रियसभा र प्रतिनिधिसभाको समानुपातिक उम्मेदवार टुंग्याउनुपर्ने चटारो छ,' कोइरालाले भने-'त्यसैले विशेष महाधिवेशन पक्षधरहरूसँग छलफल गरेर माघ ६ गतेपछि बोलाउँदा उचित हुन्छ । त्यतिबेलासम्म मनोनयनका सबै प्रक्रिया सकिन्छन् र यसले पार्टीमा एकताको सन्देश पनि दिन्छ ।'

अहिले पार्टीभित्र विशेष महाधिवेशनको माग उठिरहेका बेला कोइरालाले निर्वाचनको कार्यतालिकालाई ध्यान दिएर मध्यमार्गी बाटो रोज्नुपर्ने बताए । सबैको मनोभावना सम्बोधन हुने गरी केन्द्रीय समितिले नै विशेष महाधिवेशन डाक्नुपर्ने र आफू त्यसका लागि लागिपरेको उनले जनाए ।

छलफलका क्रममा कोइरालाले आगामी प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले चुनावी तालमेल गर्न नहुने स्पष्ट पारे ।

'गठबन्धन गर्दा प्रत्यक्षतर्फ दुई-चार सिट बढी आउला, तर यसले समानुपातिकतर्फको मत घटाउँछ,' उनले भने-'गठबन्धनले कांग्रेसलाई दीर्घकालीन रूपमा हानी गर्छ । त्यसैले आगामी निर्वाचनमा कांग्रेस एक्लै जानुपर्छ भन्नेमा म प्रष्ट छु ।'

भेटमा सहभागी ३० जना केन्द्रीय सदस्यहरूको तर्फबाट बोल्दै पुष्पा भुसालले डा.शेखर कोइरालाले समन्वय गरेर मध्यमार्गी विकल्प खोजिनु पर्ने बताइन् ।

सहभागी अधिकांश केन्द्रीय सदस्यहरूले विशेष महाधिवेशनलाई 'चुनावी घोषणा सभा'का रूपमा रूपान्तरण गरेर निर्वाचनमा जानुपर्ने सुझाव दिएका थिए ।

छलफलमा केन्द्रीय सदस्यहरू चिनकाजी श्रेष्ठ, डिला संग्रौला, रामजनम चौधरी, उदयशमशेर राणा, अर्जुन जोशी लगायत सहभागी थिए ।

**पार्टी केन्द्रीय कार्यालयमा तनाव**

नेपाली कांग्रेसभित्रमा नियमित महाधिवेशन गर्ने कि विशेष महाधिवेशन भन्ने विवादका बिच मंगलबार पार्टी केन्द्रीय कार्यालय सानेपामा तनावपूर्ण स्थिति सिर्जना भएको छ । केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा भाग लिन वा दबाब दिन पुगेका विशेष महाधिवेशन पक्षधर नेताहरूलाई प्रहरी र पार्टी प्रशासनले गेटमै रोकेको थियो ।

नेपाली कांग्रेस विधानअनुसार चार वर्षभित्र (२०८२ मंसिरसम्म) १५औँ महाधिवेशन हुनुपर्ने प्रावधान छ । तर, पार्टीभित्र सभापति शेरबहादुर देउवा पक्ष समूह र महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा समूहबिच वैचारिक र रणनीतिक दूरी बढ्दै गएपछि विशेष महाधिवेशन' को अजेन्डा सतहमा आएको थियो ।

मंगलबार सानेपामा केन्द्रीय कार्यसम्पादन समितिको बैठक बस्ने तय भएको थियो । बैठक सुरु हुनुपूर्व नै विशेष महाधिवेशन पक्षधर नेताहरू र केही महाधिवेशन प्रतिनिधि कार्यालय पुगेका थिए । उनीहरूले नेतृत्वलाई दबाब दिने र आफ्ना मागहरू राख्ने तयारी गरेका थिए । यो कुराको सुइँको पाएपछि प्रवेशमा कडाइँ गरिएको विशेष महाधिवेशन पक्षधरहरूले जनाएका छन् ।

पार्टी कार्यालयको गेटमा सुरक्षाकर्मीहरू परिचालन गरिएका थिए । भित्र बैठक चल्दै गर्दा बाहिर रहेका नेतालाई प्रवेशमा रोक लगाइएको थियो । आफ्नै पार्टी कार्यालयमा नेताहरू रोकिएपछि सानेपा परिसर केही बेर नाराबाजी र तनावले तातिएको थियो । भित्र पस्न नपाएका नेताहरूले यसलाई नेतृत्वको अनुदारवादी र निरंकुश चरित्र' भन्दै आलोचना गरेका छन् । उनीहरूले नेता विमलेन्द्र निधिविरुद्ध नाराबाजी गरेका थिए ।

नीतिगत स्पष्टताको अभावस् चुनावी गठबन्धन गर्ने कि नगर्ने र पार्टीको मार्गीचित्र कस्तो हुने भन्नेमा महामन्त्रीद्वयले फरक मत राख्दै आएका छन् ।

» बाँकी ३ पेजमा


हार्दिक बधाई तथा शुभकामना



हिमाल गैरे
अध्यक्ष
पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसियसन प्रधान कार्यालय बुटवलको यही पुस १२ गते सम्पन्न २० औं वार्षिक साधारणसभा तथा ९ औं अधिवेशनबाट हाम्रा शुभेच्छुकहरु हिमाल गैरे गरिमामय अध्यक्ष पदमा, हरिराम कशौधन वरिष्ठ उपाध्यक्षमा, रजनिशराज आचार्य प्रथम उपाध्यक्षमा, गोपालप्रसाद बस्याल द्वितीय उपाध्यक्षमा, डासिराम अधिकारी महासचिवमा, विशाल गैरे कोषाध्यक्षमा, लोकप्रसाद भुसाल सचिवमा, अभिषेक भारी सहकोषाध्यक्षमा, घनश्यामप्रसाद कान्दु सहसचिवमा, सुनिल थापा रुपन्देही जिल्ला संयोजकमा, मोहमद असलम खान कपिलवस्तु जिल्ला संयोजकमा, राजेश कुमार गुप्ता नवलपरासी जिल्ला संयोजकमा, ज्ञानप्रसाद भट्टराई पाल्पा – स्याङ्जा जिल्ला संयोजकमा, डिलाराम न्यौपाने गुल्मी, अर्घाखाँची, बागलुङ, रुकुम पूर्व संयोजकमा साथै कार्यसमिति सदस्यहरुमा क्रमशः दिनेश कुमार कशौधन, सुखराम बर्मा सोनार, विजय कुमार जयसवाल, भरतजंग कुँवर, दुर्गाप्रसाद चापागाई, तिलकमणि अधिकारी, टंकप्रसाद न्यौपाने, नवराज भट्टराई कम्पोटर पासी लेखा समिति संयोजकमा बृजेन्द्र कुमार कशौधन लेखा समिति सदस्यहरुमा विजय कुमार बानिया र चुडामणी न्यौपाले सर्वसम्मत रुपमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई
मोहन चापागाई
अध्यक्ष (एवं)
दैनिक लुम्बिनी
सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार
बुटवल-११, माझगाउँ, देवीनगर

सम्पादकीय

## हाटबजार तराईको शान

हाटबजार तराईको शान हो, पहिचान हो । हाटबजारले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सघाउ पुऱ्याउँदै आएको छ। हाटबजार गाउँको उत्पादन ल्याएर बेच्ने थलो हो। साना किसान र साना व्यवसायीले उपभोक्तासम्म वस्तु तथा सेवा पुऱ्याउने माध्यम हो, हाटबजार । हाटबजारको मौलिकता जोगाउँदै पूर्वाधार विकास गर्न ध्यान दिनुपर्नेमा कतिपय स्थानीय तह हाटबजारको मौलिकता मास्ने मेसोमा लाग्नु दुर्भाग्य छ।

रूपन्देहीका १ सय २२ हाटबजारमा झण्डै पाँच हजार साना व्यवसायीले हाटबजारमा बस्तु तथा सेवा बेचबिखन गर्छन् । हाटबजार उनीहरुको जीविकोपार्जनको माध्यम हो। व्यवसायिक यात्राको महत्वपूर्ण खुड्किलो हो । हाटबजारको मौलिकता जोगाउँदै पूर्वाधार विकास गर्न स्थानीय तहले प्रदेश र संघीय सरकारको साथ लिनुपर्नेमा मौलिकता मासेर बहुतले व्यापारिक भवन बनाउने काम गलत छ। कतिपय विकास निर्माणका काम झट्ट हेर्दा आकर्षक लाग्छन्, तर ती विकास निर्माणका कामको प्रभावभन्दा धेरै असर देखिन्छ । साना व्यवसायी पलायन हुने मात्र होइन्, हाट बजारमार्फत् हुने कारोबारले विकसित अर्थतन्त्रलाई ध्वस्त बनाउने छ।

सिद्धार्थनगर नगरपालिकाले १२ करोड १३ लाख रुपैयाँमा निर्माण भएको कृषि बजारका १ सय ९ वटा सटरहरू र सेमिनार हल तथा पार्किङ्को लागि सिद्धार्थनगर नगरपालिकाले करिव १ करोड ३४ लाख रुपैयाँको टेण्डर निकाल्यो । यो बहुतले भवनमा जान हाटबजार व्यवसायीले रूची देखाएनन् । अहिले करोडौँ खर्चेर बनाएको भवन उपयोगविहीन भएको छ । बुटवल उप-महानगरपालिकाले कार्यालय अगाडिको हाटबजारमा बहुतले भवन बनाउने योजना अघि सारेको छ। बुटवल उप-महानगरपालिकाको यो प्रयासप्रति व्यवसायीहरुले असहमति जनाएका छन् । बुटवलको हाटबजार रूपन्देहीको सबैभन्दा ठूलो हाटबजार हो। यो हाटबजारले तराई र पहाडका व्यवसायी र किसानलाई एउटै थलोमा जुटाएको छ । खसीबोकादेखि तरकारी, कृषि औजार लत्ताकपडालगायतका सामग्रीको किनबेच हुन्छ। बुटवलको हाटबजारमा अहिले भइरहेको कारोबार गर्ने वातावरणलाई कायम राख्दै खानेपानी र शौचालय व्यवस्थित गर्नुपर्ने छ । हाटबजारको मौलिकता मासेर बहुतले व्यापारिक कम्पलेक्स बनाउने कुराले बुटवललाई दीर्घकालका लागि राम्रो गर्दैन । साना व्यवसायीलाई विस्थापित हुने जोखिम हुन्छ। हाटबजारमा अन्यत्रभन्दा उपभोक्ताले सस्तोमा सामान खरिद गर्न पाउने भएकाले उपभोक्ताको हितको लागि पनि हाटबजार आवश्यक छ।

हाटबजार तराईको संस्कृति भएकाले जोगाउने तिर लागौँ। हाटबजारलाई मास्ने काम पटक्कै राम्रो होइन । साना व्यवसायीलाई आम्दानी दिएको छ । किसानको उपभोक्तासँग सिधा सम्पर्क गर्ने ठाउँ भएकाले विभिन्न बहानामा हाटबजार मास्ने होइन, जोगाउने र प्रवर्धन गर्ने काम हुनुपर्छ।

# निर्वाचनमा श्रमिकका एजेन्डा र प्रतिनिधित्वको प्रश्न



प्रेमलकुमार खनाल

स्थानीय तहमा रोजगारीमा लागेका र बेरोजगार भएकाहरूको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने, वैदेशिक रोजगारीमा गएका श्रमिकको तथ्यांक व्यवस्थित गर्ने, उनीहरूले विदेशमा भोगिरहेका समस्याबारे जानकारी लिने, घरपरिवारलाई काउन्सिलिङ गर्ने, वैदेशिक रोजगारीमा गएर आर्जन गरेको कामलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने गरी संयन्त्र निर्माण गर्ने काम पनि गर्न जरूरी छ।

अहिले राजनीतिक दलले प्रतिनिधिसभा निर्वाचनका लागि समानुपातिक उम्मेदवारको सूची निर्वाचन आयोगमा पेस गरेका छन्। तर, यो मुलुकको आर्थिक, सामाजिक क्षेत्रका महत्वपूर्ण शक्ति चुन्न, चुनिन र प्रतिनिधित्व गर्न पाउने अधिकार भएका श्रमिक वर्गको प्रतिनिधित्व हुने गरी छुट्टै 'क्लस्टर'बाट नाम पेस गरिएको छैन।

मुलुकमा २००७, २०३६, २०४६ र २०६२/६३ का राजनीतिक परिवर्तनका आन्दोलनमा श्रमिक वर्गले सडकमै उत्रिएर योगदान पुऱ्याए। तर, युगान्तकारी परिवर्तनपश्चात् २०७२ मा संविधान बनेको छ। तर, यो लोकतान्त्रिक संविधानमा साँचो अर्थमा श्रमिकवर्गको प्रतिनिधित्वलाई भने वञ्चित गरिएको छ। श्रमिकवर्गको प्रतिनिधित्वलाई वञ्चित गर्न संविधानको धारा ८७ मा राज्यकोषबाट पारिश्रमिक आर्जन गर्ने राष्ट्रसेवकलाई उम्मेदवार हुनबाट वञ्चित गर्ने प्रावधान राखिएका कारण श्रमिक वर्गलाई विधायिकामा निर्वाचित हुन बन्देज लगाइएको छ।

संविधानमा विधायिकामा महिला, दलित, पिछडिएको क्षेत्र, मुस्लिम, आदिवासी आदि समुदायको प्रतिनिधित्व गराउन छुट्टाछुट्टै 'क्लस्टर' छ। जसअनुसार समानुपातिकमा जातजातिका आधारमा खस-आर्य समूहको सबैभन्दा धेरै ३१.२ प्रतिशत, आदिवासी जनजाति २८.७ प्रतिशत, मधेसी १५.३ प्रतिशत, दलित १३.८ प्रतिशत, थारू ६.६ प्रतिशत र मुस्लिम ४.४ प्रतिशत हुनुपर्ने व्यवस्था छ। समावेशी समूहमा कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश हुनुपर्ने उल्लेख गरिएको छ।

तर, श्रमिक वर्गको प्रतिनिधित्वलाई भने उपेक्षा गरिएको छ। संविधान निर्माणका क्रममा समाजका विभिन्न समुदाय, जात, लिंग सबैले आवाज उठाए र तिनले संघर्ष गरे, तर श्रमिक वर्गका तर्फबाट ध्यानाकर्षण गराउने गरी सशक्त आन्दोलन अगाडि बढाउन तत्कालीन नेतृत्व पछाडि हट्यो। नेतृत्वले श्रमिकको राजनीतिक अधिकार सुनिश्चित गर्न बेइमान गरेका कारण संविधानमा श्रमिक वर्गको राजनीतिक अधिकार र श्रमिकको हकहितका लागि संवैधानिक श्रम आयोग गठनको माग सुनिश्चित हुन सकेन।

वास्तवमा बहुदलकालको पहिलो आमनिर्वाचनमा श्रमिकवर्ग जसले राष्ट्रको सेवा गरिरहेर पनि आमनिर्वाचनमा उम्मेदवार हुन पाउने व्यवस्थाका लागि नुवाकोट क्षेत्रबाट उम्मेदवार हुन खडा भएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापक महेन्द्रबहादुर पाण्डेको विपक्षमा प्राध्यापक पेसामा हुँदाहुँदै उम्मेदवार हुन नपाउने भनी सर्वोच्च अदालतबाट फैसला गरेका आधारमा सेवामा बहाल रहेकै कारण उम्मेदवारी कायम भएन। स्मरणीय छ, फैसलामा राष्ट्रिय सभामा भए सेवामा बहाल भए पनि हुने तर प्रतिनिधिसभामा उम्मेदवार हुन सेवारत हुँदा नपाउने भनी फैसला भएको थियो। मुद्दाको पक्षमा तत्कालीन न्यायाधीशले आफ्नो राय राखेका थिए भने प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायलगायत न्यायाधीशले विपक्षमा राय राखी श्रमिकलाई राजनीतिक अधिकारबाट वञ्चित गर्ने फैसला भएको थियो। ०६२/६३ को परिवर्तनपछिको अन्तरिम संविधानमा संविधानको धारा ६५'घ'मा त्यही फैसलाको कपी गरिएको थियो। र, ०७२ को संविधानमा यही प्रतिबन्धात्मक व्यवस्थालाई निरन्तरता दिइएको छ। यसले गर्दा श्रमिक वर्गको राजनीतिक अधिकार कुण्ठित भएको छ। यसो हुनमा ट्रेड युनियन आन्दोलनका तत्कालीन नेतृत्वको आत्मसमर्पणवादी नीतिका कारण संविधान निर्माणका क्रममा सशक्त आन्दोलन सञ्चालन हुन सकेन र दलहरूभित्र अझ खासगरी वामपन्थी दल र लोकतन्त्रवादी भनिएको कांग्रेसको संकीर्ण सोचका कारण श्रमिकको राजनीतिक अधिकार सुनिश्चित हुन सकेन।

मुलुकमा एकातिर समावेशी लोकतन्त्रभित्र समानुपातिक प्रतिनिधित्वलाई आत्मसात् गर्न अनि अर्कातिर श्रमिक वर्गको प्रतिनिधित्वलाई इन्कार गर्न सामन्ती एवं पुँजीवादी चिन्तनको उपज नै हो। श्रमिक लगाएको अह्राएको काम मात्रै गर्ने भनेर परिवर्तनकारी राजनीतिक आन्दोलनमा श्रमिक वर्गले निर्वाह गरेको भूमिकालाई बेवास्ता गरी श्रमिक वर्गको राजनीतिक अधिकारलाई उपेक्षित गर्ने जुन चिन्तन दल विशेषका नेतामा विद्यमान छ, यो मानसिकता रहेसम्म श्रमिक वर्गको पहिचान, पहुँच र प्रतिनिधित्व विधायिकालगायत नीति-निर्माणको तहमा स्थापित हुन सकेको छैन। वि.सं. २००४ सालमा पद्मशमशेरले जारी गरेको विधानमा पनि दुईजना मजदुरको प्रतिनिधि संसद्मा प्रतिनिधित्व हुने उल्लेख थियो। यस्तै, पञ्चायतकालमा पनि नीति निर्माण तहमा श्रमिक बौद्धिक वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गर्न राष्ट्रिय पञ्चायतमा स्नातकहरूका तर्फबाट सांसद हुने व्यवस्था थियो। संसद्मा बन्ने ऐन-कानुन आज श्रमिक कर्मचारीको चासो, सरोकार, भाग्य र भविष्यलाई सुनिश्चित गर्ने माध्यम हुन्। यसका अलावा मुलुकको अर्थनीति, श्रमनीतिजस्ता विषयबाट अर्थतन्त्र परिचालित भएको हुन्छ। सरकारलाई यिनै ऐन-कानुन र नीतिले दिशाबोध गरिराखेको हुन्छ। यस्तो महत्वपूर्ण नीति-निर्माणको तहमा जबसम्म श्रमिक वर्गको प्रतिनिधित्व सुनिश्चित हुँदैन, तबसम्म श्रमिकपक्षीय नीति बन्न सक्दैन।

विश्वका रुस, स्पेन, स्विडेन, स्विट्जरल्यान्ड, ब्राजिल, दक्षिण अफ्रिका, जर्मनी, फ्रान्स, इटलीलगायत थुप्रै प्रजातान्त्रिक मुलुकका संसद्मा श्रमिक वर्गको प्रतिनिधित्व सुनिश्चित गरिएको छ। यसरी संसद्मा प्रतिनिधित्व गर्ने श्रमिक प्रतिनिधिको पदावधि समाप्त भएपछि पुनः आफ्नो सेवामा फर्कने परिपाटी छ। श्रमिक वर्गको विधायिकामा प्रतिनिधित्व हुने व्यवस्था हुँदा पहिलो, यसले संसद् थप समावेशी बन्नेछ।

दोस्रो, संसद्भित्र बौद्धिक पेसाकर्मीको प्रतिनिधित्व हुन सक्छ। तेस्रो, बौद्धिक पेसाकर्मी, जसले २०औँ वर्षदेखि राष्ट्रको सेवा गरेको हुन्छ, त्यस्तो व्यक्ति सांसद भएपछि पुनः आफ्नै सेवामा फर्कनुपर्ने भएका कारण त्यस्तो व्यक्ति अनियमितता, भ्रष्टाचारजस्ता गतिविधिमा संलग्न हुने न्यून सम्भावना हुन्छ। चौथो, विधायिकाजस्तो नीति-निर्माण तहमा बौद्धिक पेसाकर्मीको प्रतिनिधित्व हुँदा संसद्ले बौद्धिक खुराक प्राप्त गर्नेछ। पाँचौँ, श्रमिक बौद्धिक वर्गको नीति निर्माण तहमा प्रतिनिधित्व हुँदा श्रमक्षेत्रमा बनेका नीति, नियम र कानुन कार्यान्वयन गर्न सहज हुनेछ। छैटौँ, मुलुकमा औद्योगिक शान्ति कायम गर्न, औद्योगिक लोकतन्त्र, समावेशी लोकतन्त्र, समानुपातिक प्रतिनिधित्वको व्यवस्थालाई संस्थागत गरी सिंगो मुलुक लोकतान्त्रीकरणको दिशामा अगाडि बढ्नुका साथै उत्पादकत्व अभिवृद्धिमा थप योगदान पुग्नेछ। यसरी श्रमिक वर्गलाई राजनीतिक अधिकार सुनिश्चित गर्न ध्यान दिन आवश्यक छ।

यस सन्दर्भमा आगामी निर्वाचनमा श्रमिक वर्गका एजेन्डालाई ट्रेड युनियनले अहिलेदेखि नै अगाडि सार्नुपर्छ र हरेक राजनीतिक दलले जारी गर्ने चुनावी घोषणापत्र वा प्रतिबद्धता पत्रमा समावेश गराउन ध्यान दिनुपर्छ र जुन राजनीतिक दलले श्रमिकका एजेन्डामा प्रतिबद्धता जनाउँछन् वा घोषणापत्रमा श्रमिकका एजेन्डा समावेश गर्छन्, त्यस्ता दल र उम्मेदवारलाई मात्रै मतदान गर्न ट्रेड युनियनले खबरदारी गर्नुपर्छ। अब आगामी निर्वाचनमा श्रमिकको राजनीतिक अधिकार सुनिश्चित गर्न समानुपातिक क्लस्टरमा श्रमिक वर्गको १० प्रतिशत प्रतिनिधित्व हुने गरी संविधान र ऐन-कानुनमा सुधार गर्नुपर्छ। यस्तै श्रमिकलाई कार्यस्थलनजिकैको मतदान केन्द्रबाटै प्रत्यक्ष र समानुपातिकमा मतदान गर्न पाउने व्यवस्था गरिनुपर्छ। यसैगरी, संविधान संशोधनको एजेन्डामा राष्ट्रिय श्रम आयोग गठन गर्ने, योजना तर्जुमा गरिने राष्ट्रिय योजना आयोगमा श्रमिक वर्गको प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्छ।

संविधानमा श्रम, रोजगारी र सामाजिक सुरक्षासम्बन्धी तथा समानताको हक र शोषणविरुद्धको मौलिक हकको व्यवस्था भए पनि यी व्यवस्था पूर्ण मौलिक हकको रूपमा उल्लेख हुन सकेनन्। कानुनमा व्यवस्था भएबमोजिम हुने भनिएका कारण यी हक-अधिकार श्रमिक वर्गले नैसर्गिक अधिकारका रूपमा प्राप्त गर्न सक्ने स्थिति छैन। यतिवेला श्रम क्षेत्रका समस्या ज्वलन्त बनेका छन्। श्रमिकले राज्यले निर्धारण गरेको न्यूनतम ज्याला पारिश्रमिक प्राप्त गर्न सकेका छैनन्। सामाजिक सुरक्षाको प्रबन्ध गर्ने कानुनी व्यवस्था भए पनि यसको दायरा दुई-तीन प्रतिशतभन्दा बढी विस्तार हुन सकेको छैन। समाजमा युवा बेरोजगारको 'पल्टन' नै खडा भएको छ। युवावर्ग उमेर पुगेपछि श्रमशक्तिका रूपमा विकास भए पनि सीप एवं तालिमविहीन अवस्थामा भौँतारिनुपर्ने र बेरोजगारीले आक्रान्त भएर कामको खोजीमा बिदेसिनुपर्ने अवस्था विगत तीन दशकदेखि अवलम्बन गरिएको नवउदारवादी अर्थनीतिले सिर्जना गऱ्यो। यसैकारण, श्रमबजार अस्तव्यस्त छ र बेरोजगारी भयावह अवस्थामा छ। यो वास्तविकताप्रति आसन्न निर्वाचनमा राजनीतिक दल र तिनका उम्मेदवारको ध्यान जान जरुरी छ।

श्रमिकको कोणबाट हेर्दा सरकारले त्यस्तो उल्लेखनीय काम गरेको समाचार सुन्नमा आएको छैन। सरकारी विद्यालयमा अहिले पनि अस्थायी, राहत र करारमा शिक्षक भर्ना गरेर श्रमशोषण भइरहेको छ। यस्तै, सरकारी कार्यालय र स्वास्थ्य चौकीमा पनि अस्थायी, करार र ज्यालादारीमा काम गराउने क्रम तीव्रतासाथ बढिरहेको छ। श्रमको अनौपचारिकता झनै तीव्र रूपमा बढेको छ। स्थानीयस्तरका उद्योग व्यवसायमा कार्यरत श्रमिकदेखि कृषि मजदुरसम्मले उचित ज्याला पारिश्रमिक पाए-नपाएको, सामाजिक सुरक्षाको सुविधा पाए-नपाएको, आफ्नो गाउँ इलाकामा कति युवा बेरोजगार छन् ? उनीहरूलाई रोजगारी दिलाउन केकस्ता रणनीतिक योजना लागू गर्ने ? भनेर कुनै पनि स्थानीय तहका सरकारले छलफल गरेको, योजना बनाएको सुन्न र गर्व गर्नलायक समाचार यसबिच चर्चामा आएका छैनन्।

अहिलेसम्म देशमा कति श्रमिक छन् ? के-कति बेरोजगार छन् ? के-कति रोजगारी दिने व्यक्ति, कम्पनी र व्यवसाय छन् ? कुनै पनि तथ्यांक छैन। अतः स्थानीय तहअन्तर्गत श्रमसम्बन्धी विभाग खडा गरेर पञ्जीकरणको व्यवस्था गर्नुपर्छ। श्रमिक पञ्जीकरणअन्तर्गत स्थानीयस्तरमा श्रमिकको तथ्यांक संकलन गरी सूचना र तथ्यांकलाई व्यवस्थित गर्ने काम गर्नुपर्छ। यस्तो तथ्यांक संकलनले स्थानीय तहमा के-कति रोजगारीमा छन् ? के-कति बेरोजगार छन् ? सबै सूचना व्यवस्थित गर्न मद्दत पुग्छ। यसका लागि सबै स्थानीय तहमा कम्तीमा सूचना तथ्यांकविज्ञ र श्रमविज्ञ रहेको जनशक्ति व्यवस्था गरिनुपर्छ। यसरी हरेक स्थानीय तहमा तथ्यांक संकलन गरी श्रम मन्त्रालयमा पठाउने वा छुट्टै संयन्त्र/श्रम आयोग गठन गरी श्रमसम्बन्धी सूचना तथ्यांकलाई एकीकृत गरेर सूचना र तथ्यांक सार्वजनिक गर्ने काम गर्न आवश्यक छ।

बेरोजगार युवाका लागि स्थानीय तहको आवश्यकताअनुसार सीपमूलक तालिम सञ्चालनमार्फत् उद्यम सञ्चालन गरी स्वरोजगार एवं उद्यमी बन्न प्रेरित गर्नुपर्छ। बेरोजगार युवाको सीप विकासका लागि हिजोका घरेलु तालिम विकास केन्द्रलाई पुनर्संरचना गरी स्थानीय आवश्यकता र रुचिअनुरूप घुम्ती तालिम शिविर प्रदान गर्ने र सीप विकास तालिम लिएकाहरूलाई स्थानीय सरकारको सिफारिसमा बैंकबाट सस्तो दरमा ऋण उपलब्ध गराउने नीति अवलम्बन गरिनुपर्छ। यसरी उद्यम गरी उत्पादित वस्तुको मूल्य र बजार सुनिश्चितताका लागि सहकारी संस्था स्थापना गरेर सोमार्फत् बिक्री-वितरणको व्यवस्था गर्नुपर्छ।

स्थानीय तहमा श्रमक्षेत्रको व्यवस्थापनमा स्थानीय सरकारको अग्रणी भूमिका हुन आवश्यक छ। स्थानीय तहमा रोजगारीमा लागेका र बेरोजगार भएकाहरूको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने, वैदेशिक रोजगारीमा गएका श्रमिकको तथ्यांक व्यवस्थित गर्ने, उनीहरूले विदेशमा भोगिरहेका समस्याबारे जानकारी लिने, घरपरिवारलाई काउन्सिलिङ गर्ने, वैदेशिक रोजगारीमा गएर आर्जन गरेको कामलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने गरी संयन्त्र निर्माण गर्ने काम पनि गर्न जरुरी छ। यस्तै स्थानीयस्तरमा श्रमशोषण हुन नदिन श्रमिकले पाउने न्यूनतम ज्याला लागू गराउने, उनीहरूलाई पनि सामाजिक सुरक्षाकोषमा आबद्ध गर्ने, स्थानीयस्तरका सरकारी विद्यालय र कार्यालयमा अस्थायी, ज्यालादारी र करारमा काम लगाएर श्रमशोषण भइरहेको विषयलाई अन्त्य गर्नेजस्ता प्रतिबद्धता पनि राजनीतिक दलले चुनावी घोषणापत्रमा उल्लेख गर्न आवश्यक छ। नयाँ पत्रिकाबाट

# नेप्से परिसूचक नौ अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार नौ दशमलव ९३ अङ्कले बढेर दुई हजार ६४९ दशमलव ३० को बिन्दुमा कायम भएको छ।

३३४ कम्पनीको एक करोड ४८ लाख ३१ हजार २४१ कित्ता शेयर ८८ हजार ३६२ पटक खरिदबिक्री हुँदा रु सात अर्ब १२ करोड ३३ लाख ६५ हजार २९६ बराबरको कारोबार भएको हो।

होटल तथा पर्यटन र उत्पादन र प्रशोधन समूहबाहेक सबै समूहको उपसूचक बढेको छ । वित्त समूहको उपसूचक सबैभन्दा धेरै दुई दशमलव ८७ प्रतिशतले बढेको छ।

जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ। रुरु जलविद्युत् परियोजना लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ४१ प्रतिशतले घटेको छ।

# जाडोमा छाला फुट्ने समस्या र उपचारको विधि

डा. अनु सुवेदी

हरेक व्यक्तिको शरीरमा मौसमअनुसार परिवर्तन आउने गर्दछ। गर्मी महिनामा शरीरले धेरै पसिना र तरल पदार्थ उत्पादन गर्छ, जसका कारण छाला चिल्लो र चिपचिप हुन्छ। जाडो महिनामा भने पसिना कम आउने भएकाले छाला तुलनात्मक रूपमा कम चिल्लो हुन्छ।

जाडोमा सुख्खा हावा बढी चल्ने भएकाले शरीरभित्रको पानी सोसिन्छ र छाला सुख्खा बन्छ। साथै, जाडोमा एसी वा हिटर धेरै चलाउने बानीले पनि छाला अझै सुख्खा हुने गर्छ। यसकै कारण ओठ, गाला, हात-खुट्टा फुट्ने समस्या बढी देखिन्छ। जाडो मौसममा छालाको प्राकृतिक तेल उत्पादन पनि घट्ने भएकाले छालाको सुरक्षात्मक तह कमजोर बन्छ। विशेषगरी हात, खुट्टा र ओठ निरन्तर चिसो हावाको सम्पर्कमा रहने भएकाले छिट्टै प्रभावित हुन्छन्।

**छाला फुट्न नदिन के गर्ने ?**

थोरै सावधानी र सही स्किनकेयर अपनाएमा यस समस्याबाट सजिलै बच्न सकिन्छ। मनतातो पानीले नुहाउने, मोइस्चराइजर लगाउने, प्रशस्त पानी पिउने तथा पौष्टिक भोजन गर्ने बानीले छालालाई चिसो हावाबाट जोगाउँछ र यसलाई नरम तथा स्वस्थ राख्छ।

शरीरको छाला फुट्न नदिन धेरै तातो पानी प्रयोग गर्नु हुँदैन। नुहाइसकेपछि शरीरमा नरिवलको तेल वा मोइस्चराइजर लगाउनु राम्रो हुन्छ। शरीरलाई क्रिम, तेल, पञ्जा, टोपी र मास्कले ढाक्दा छाला फुट्ने सम्भावना घट्छ।

दैनिक नुहाउने बानी भएकाहरूले हप्तामा दुई-तीन दिनमात्र साबुन वा सेम्पु प्रयोग गर्नुपर्छ। दैनिक रूपमा प्रयोग गर्दा छाला अझै सुख्खा र फुट्ने सम्भावना बढ्छ। नुहाइसकेपछि सिधै उनी (ऊन) का बाक्ला कपडा नलगाई, पहिलो तहमा सुती कपडा लगाएर मात्र बाक्ला लगाउनु उचित हुन्छ। जाडो समयमा प्रशस्त पानी पिउनु पनि अत्यन्त आवश्यक हुन्छ। स्वास्थ्य खबरबाट

# देवदह नगरपालिकाको १७औं नगरसभा सम्पन्न

देवदह । नगर शिक्षा ऐन-२०७४ दोश्रो संशोधन गर्दै देवदह नगरपालिकाको १७औं नगरसभा सम्पन्न भएको छ । शिक्षा ऐनमा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने गरी संशोधन गरेको हो ।

नगरसभामा आर्थिक वर्ष २०८२/०८३ को प्रगति प्रतिवेदन प्रस्तुत गर्दै नगरप्रमुख ध्रुवप्रसाद खरेलले १ अर्ब ३४ करोड ५४ लाखमध्ये २५ करोड १० लाख ५७ हजार (अर्थात् १८.६६) प्रतिशत वित्तीय प्रगति हासिल गरेको जानकारी दिए । उनले आर्थिक वर्ष २०८२/०८३ को मंसिर मरान्तसम्म ३ करोड ९१ लाख ७७ हजार ९ सय ४१ रुपैयाँ आन्तकिर राजस्व संकलन गरेको जानकारी दिए । नगरपालिकाले यस आर्थिक वर्ष २१ करोड ८६ लाख आन्तरिक राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । नगर प्रमुख खरेलले १८४ वटा योजना उपभोक्तामार्फत् सम्झौता भइसकेको र २० वटा योजनाको अन्तिम भुक्तानी समेत गरिसकेको बताए । उनले यस आर्थिक वर्षमा ७ सय ८६ जना अव्यवस्थित बसोवासीलाई जग्गाधनीको लालपुर्जा वितरण गरिएको जनाए । खरेलले देवदह नगरपालिका क्षेत्रभित्र १ हजार २ सय ५० हेक्टर जग्गा नापचाँज भएको जानकारी दिए ।

नगरपालिकाको १७औं नगरसभाले १६औं नगरसभाले पारित गरेको १ करोड ६५ लाखभन्दा बढीको योजना परिवर्तन गरेको उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गले जानकारी दिए ।

नगरसभामा विनियोजन ऐन २०८२ प्रस्तुत गर्दै उप-प्रमुख गुरुङ्गले एक करोड ४५ लाख वडागत र २० लाख बढी नगरपालिकास्तरीय योजना परिवर्तन गरेको जनाइन् । यसैगरी १७औं नगरसभाले नगरसभा सदस्यअमरलामिछानेको संयोजकत्वमा ३ सदस्यीय लेखा समिति गठन गरेको छ । जसको सदस्यमा होमनाथ भट्टराई, तुलप्रसाद चौधरी रहेको छ । नगर प्रमुख ध्रुवप्रसाद खरेलको अध्यक्षता र रमेश गिरीको सञ्चालनमा नगरसभा सम्पन्न भएको हो ।

## माघ...

विधानले दिएको समयसीमा कुर्नुभन्दा अगाडि नै नयाँ नेतृत्व चयन गरेर पार्टीलाई पुनर्जीवन दिने इतर पक्षको दाबी छ । महामन्त्री पक्षले यसअघि नै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर संकलन गरेर विशेष महाधिवेशनको वैधानिक बाटो सुरक्षित गरिसकेको दाबी गर्दै आएको छ ।

मंसिर १५ गते बसेको केन्द्रीय कार्यसमिति बैठकले पुस २६-२८ गतेका लागि १५औं महाधिवेशनको मिति तोकेपछि केही समय विवाद शान्त भएको देखिएको थियो । उक्त मिति केवल देखाउनका लागि' मात्र भएको आरोप इतर पक्षले लगाउँदै आएको थियो ।

पछिल्लो पटक पुस १८ गते बसेको कार्यसम्पादन समितिको बैठकले पुसको कार्यतालिकालाई पर सारेर आगामी बैशाख अन्तिम साता महाधिवेशन गर्ने निर्णय गरेपछि संस्थापन इतर समूह रुष्ट बनेको छ । कार्यतालिका पटक-पटक सर्दा पार्टीको वैधानिकतामाथि नै प्रश्न उठ्न सक्ने र नेतृत्वले समय लम्ब्याउन खोजेको भन्दै विशेष महाधिवेशन पक्षधरहरूले आफ्नो तयारीलाई तीव्र पारेका हुन् । विशेष महाधिवेशन पक्षधरहरूले आफ्नो तयारीलाई संगठित बनाउन विभिन्न उप-समितिहरू गठन गरिसकेका छन् ।

उनीहरूले देशभरका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूलाई आगामी पुस २६ गतेभित्र काठमाडौं आइपुग्न कडा निर्देशन दिएका छन् । सानेपाको मंगलबारको घटनाले दुई पक्षबिच सम्बन्ध थप तीतो बनाइदिएको छ ।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमा लेख मिति २०८२।०८।१८ गते बुद्धभूमिबाट बुटवल आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः सुनिता बज्जाडे
बिमालेख नम्बरः ५४११००१३२६२
ठेगानाः बुद्धभूमि-९, कपिलवस्तु
सम्पर्क नम्बरः ९८४७१६०८८५

---

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमिसुधार तथा मालपोत कार्यालय

तौलिहवा, कपिलवस्तु

## हकवालाका नाउँमा ३५ दिने सार्वजनिक सूचना ।

मितिः- २०८२/०९/१७

उपरोक्त विषयमा निम्न लिखित जग्गावाला जिल्ला क. व कपिलवस्तु शुद्धोधन गा. पा. वडा नं. १ मौजा सोहसा बस्ने नगेश्वर थारुको नाति, राम धन थारुको छोरा चौधरी थारुको मिति २०६२/०५/०४ गते र निजको एक मात्र पनि सहीवी थरुनीको मिति २०८१।१०।१२ गते मृत्यु भएको । मृतक दम्पत्ति बाट जन्मेको तीन छोराहरु जेठो पारस थारु, माइला राजेन्द्र थारु र कान्छा गिरी राज भन्ने सिकन्दर पोरस मध्ये पारस थारुको मिति २०८२।०५।३० गते मृत्यु भएको र मृतक पारस थारुको एक मात्र पत्नी गलरी थरुनी भएको । मृतक दम्पति जीवित छंदा सेवा सम्भार, पालन पोषण . औषधी उपचार र मृत्यु पश्चात सामाजिक परम्परा अनुसार काज क्रिया समेत मृतकको छोराहरु राजेन्द्र थारु गिरीराज भन्ने सिकन्दर पोरस र बुहारी गलरी थरुनीले गरेको हुँदा मृतक चौधरी थारुको नाउँमा दर्ता रहेको तपसिल बमोजिमका जग्गा श्रेस्ता जिर्ण भएकोले श्रेस्ता कायम गरी संयुक्त नामसारी गरी पाउ भनि निवेदकहरु राजेन्द्र थारु गिरीराज भन्ने सिकन्दर पोरस र गलरी थरुनीको मिति २०८२/०९/०३ मा निवेदन माग भई आएकोमा मृतक चौधरी थारुको हकवालाका नाउँमा ३५ दिने सूचना प्रकाशित गरिएको छ । मृतक चौधरी थारुको नाममा दर्ता रहेको जग्गा श्रेस्ता जिर्ण अवस्थामा रहेको हुँबा श्रेस्ता कायम गरी निवेदकहरुको नाममा संयुक्त नामसारी हुनु नपर्ने भए माग बमोजिमको जग्गा अन्य कुनै व्यहोराले हस्तान्तरण गरिसकेको भए वा कुनै प्रकारको सरकारी सार्वजनिक जग्गा घुसे / घुसाए को कारण श्रेस्ता कायम हुन नपर्ने भए यो सूचना टाँस भएको मितिले म्याद भित्र स-प्रमाण सहित यस कार्यालयमा उजुरी गर्नुहोला । सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा मृतक हरद्वार यादवको नाममा श्रेस्ता कायम भई आवेदकहरु राजेन्द्र थारु, गिरी राज भन्ने सिकन्दर पोरस र गलरी थरुनीको नाममा संयुक्त नामसारी गरी ज.ध. प्रमाण पुर्जा प्राप्त गर्ने र पछि कसैको कुनै किसिमको उजुर नलाग्ने ब्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| पतरिया | ८क | १४६ | ०-०-१४-० | ज.ध. - चौधरी थारु<br>बाबु :- राम धन थारु<br>बाजेः- नगेश्वर<br>ठेगानाः- जिल्ला कपिलवस्तु शुद्धो धन गा.पा. वडा नं. १<br>मौजा सोहसा | |
| पतरिया | ८क | १४८ | ०-६-१२-० | | |
| पतरिया | ८क | १६३ | ०-३-१७-० | | |
| पतरिया | ८क | १६५ | ०-२-७-० | | |
| पतरिया | ८क | २८८ | ०-७-४-० | | |
| पतरिया | ८क | ३१३ | ०-०-९-० | | |
| पतरिया | ८क | ३१६ | ०-०-१६-० | | |
| पतरिया | ८क | ३२६ | ०-१-३-० | | |
| पतरिया | ८क | ३२७ | ०-१-४-० | | |
| पतरिया | ८क | ४०० | ०-१४-१०-० | | |
| पतरिया | ८क | ४१० | ०-०-१९-० | | |
| पतरिया | ८क | ४१४ | ०-१-६-० | | |
| पतरिया | ८क | ४३२ | ०-०-०-० | | |
| पतरिया | ८क | ४३९ | ०-२-४-० | | |
| पतरिया | ८क | ५९६ | ०-३-१०-० | | |
| पतरिया | ८क | ६५७ | ०-२-१८-० | | |
| पतरिया | ८क | ६७३ | ०-०-१६-० | | |
| पतरिया | ८क | ७०८ | ०-४-५-० | | |
| पतरिया | ८क | ७१२ | ०-४-७-० | | |
| पतरिया | ८क | ८०४ | २-७-७-० | | |
| पतरिया | ८क | ८५४ | ०-४-१०-० | | |
| पतरिया | ८क | ८१९ | ०-१-१०-० | | |
| पतरिया | ८क | ८५५ | ०-०-९-० | | |
| पतरिया | ८ख | ३२९ | ०-१५-७-० | | |

पुनश्चः- उपरोक्त अनुसार श्रेस्ता कायम गरी नामसारी गरि दिनु भनि शुद्धोधन गाउँपालिका १ नं. वडा कार्यालयको च.नं. ६०१ मिति २०८२।०८।२८ गते सिफारिस भई आएको ।

---

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

## स्वास्थ्य निर्देशनालय

लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

## शिलबन्दी बोलपत्र (e–tender) आव्हान, बोलपत्रहरुको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि (सा.ख.नि. २०६४ (संसोधन सहित) को नियम ३१ (ङ) ५ को प्रयोजानार्थ तथा बोलपत्रहरु स्विकृतिका लागि आशयको सूचना (सा.ख.ऐन २०६३ को दफा २७ को २ को प्रयोजनार्थ) सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/२३

| नयाँ बोलपत्र | क्र.सं. | ठे.नं. | कामको विवरण | लागत अनुमान (मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र दर्ताको अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| | १ | LPH-NCB-GOODS-47-2082-083 | Supply Delivery and Installation of Server | 26,95,098.09 | 77,000.00 | 3,000.00 | २०८२/१०/२३गते १२.०० भित्र |

| आर्थिक प्रस्ताव खोल्ने | क्र.सं | ठेक्का नं | प्राबिधिक प्रस्तावबाट सारभूत रुपमा प्रभावग्राही ठहरिएका बोलपत्रदाताको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|---|
| | १ | LPH-NCB-GOODS-36-2082-083Supply Delivery and Installation of Autoclave | श्री मल्टिपल इन्टरप्राइजेज काठमाण्डौ<br>श्री बायोमेड इन्टरनेशनल प्रा.लि. काठमाण्डौ | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रूपन्देही<br>मितिः २०८२/०९/३०<br>समयः १३.०० |
| | | LPH-NCB-GOODS-35-2082-083 Supply Delivery and Installation of OT Table | श्री ए.जि. हेल्थकेयर टेक्नोलोजी प्रा.लि. काठमाण्डौ | |
| | | LPH-NCB-GOODS-41Re -2082-0833Supply Delivery and Installation of Video Laryngoscope with Bronchoscope Machine | श्री बायोमेड इन्टरनेशनल प्रा.लि. काठमाण्डौ | |

| बोलपत्र स्वीकृतका लागी आशय | सि.नं. | ठे.नं. | बोलपत्रदाताको नाम | कबोल अंक |
|---|---|---|---|---|
| | १ | LPH-NCB-GOODS-32-2082-083 Supply Delivery and Installation of Patient Electric Bed with Cardiac Table & Bed Side Locker | श्री शिवम ट्रेडिङ कन्सर्न काठमाण्डौ | ८३ लाख २५ हजार मात्र (मु.अ. कर बाहेक) |
| | २ | LPH-NCB-GOODS-26 Re-2082-083 Supply &Delivery of IT Goods | श्री सुत्र आइ टि कन्सल्ट प्रा.लि | १७ लाख ४६ हजार २ सय ५० मात्र (मु.अ. कर बाहेक) |
| | ३ | LPH-NCB-GOODS-04-2082-083 Supply &Delivery of Pharmacy Surgical Items | बिस्तृत जानकारीको लागी यस अस्पतालको वेभ साइट www.lphospital.gov.np तथा सूचना पाटिमा हेर्नुहोला । | |
| रद्ध गरिएको | | LPH-NCB-GOODS-31-2082-083 Supply Delivery and Installation of Anesthesia Workstation | | |

मेडिकल सुपरिटेण्डेण्ट

---

## तानसेन नगरपालिका

तानसेन नगरकार्यपालिकाको कार्यालय,
लुम्बिनी प्रदेश, तानसेन, पाल्पा

## नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने सम्वन्धि बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।०९।२३)

तानसेन नगरपालिका भित्र पर्ने कालीगण्डकी नदी क्षेत्रका तपशिलमा उल्लेखित विभिन्न घाट तथा बगरहरुबाट स्वीकृत IEE प्रतिवेदनको परिधी भित्र रही आ.व. २०८२/०८३ को लागि नदीजन्य पदार्थ उत्खनन्, संकलन, तथा विक्री वितरण गर्ने सम्बन्धी ठेक्का बन्दोबस्त गर्नू पर्ने भएकोले तानसेन नगरपालिका आन्तरिक आय संकलन तथा आय ( ठेक्का बन्दोवस्त ) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ र ३, सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ र १४, सार्वजनिक खरिद नियमावली २०७७ को निमय ३१, ४० र ८४ (१), स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(१) को (च) बमोजिम वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। योग्य ईच्छूक दर्तावाला फर्म/कम्पनीहरुले बोलपत्र फारम खरिद गरी आवश्यक कागजात सहित PPMO उल्लेख भए बमोजिमको शर्तहरुको अधिनमा रही वोलपत्र पेश गर्नूहून यो सुचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोर्टल website: www.bolpatra.gov.np हेर्न सकिनेछ।

तपसिल

| क्र. सं. | आय ठेक्का नम्बर | ठेक्काको विवरण (घाट क्षेत्र) | उत्खनन गर्न सकिने परिणाम घन फुट | राजश्व प्रति वर्ष प्रति घन फुट रु. | न्यूनतम ठेक्क अंक (कर वाहेक) रु. | बोलपत्र दस्तुर | बोलपत्र पेश गर्ने अन्तिम म्याद | बोलपत्र खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ER/06/ 2082/2083 | कालीगण्डकी नदीको सिदूर्दी घाट, ता.न.पा.१३ | २३६१०९।९५ | ६ | १४,१६,६६०.०० | रु. १००० | २०८२ माघ ८, दिनको १२ बजे सम्म | २०८२ माघ ८, दिनको २.००बजे सम्म | शिलबन्दी दरभाउ पत्र |
| २ | ER/07/ 2082/2083 | कालीगण्डकी नदीको बेलघारी, ता.न.पा.१३ | २६७४९६.२६ | ६ | १६,०४,९७८.०० | रु. १००० | २०८२ माघ ८, दिनको १२ बजेसम्म | २०८२ माघ ८, दिनको २.००बजे सम्म | शिलबन्दी दरभाउ पत्र |
| ३ | ER/08/ 2082/2083 | कालीगण्डकी नदीको छतिवन बगर, ता.न.पा.१४ | १८३१३०.२१ | ६ | १०,९८,७८१.०० | रु. १००० | २०८२ माघ ८, दिनको १२ बजेसम्म | २०८२ माघ ८, दिनको २.००बजे सम्म | शिलबन्दी दरभाउ पत्र |
| ४ | ER/09/ 2082/2083 | कालीगण्डकी नदीको दुमैघाट, ता.न.पा.१४ | १२६९६८.७ | ६ | ७,६१,८१२.०० | रु. १००० | २०८२ माघ ८, दिनको १२ बजेसम्म | २०८२ माघ ८, दिनको २.००बजे सम्म | शिलबन्दी दरभाउ पत्र |
| ५ | ER/10/ 2082/2083 | कालीगण्डकी नदीको गुफा बगर, ता.न.पा.१४ | १७०५८१.८३ | ६ | १०२३४९१.०० | रु. १००० | २०८२ माघ ८, दिनको १२ बजेसम्म | २०८२ माघ ८, दिनको २.००बजे सम्म | शिलबन्दी दरभाउ पत्र |
| ६ | ER/11/ 2082/083 | कालीगण्डकी नदीको अर्तुङ्गा बगर, ता.न.पा.१४ | ६३३५८७.८७ | ६ | ३८,०१,५२७.० | रु. १००० | २०८२ माघ २३, दिनको १२ बजेसम्म | २०८२ माघ २३, दिनको २.०० बजे सम्म | बोलपत्र |

प्रमुख प्रशासकीय अधिकृत

---

## Malarani Rural Municipality

Khanadaha, Arghakhanchi

Lumbini Province, Nepal

## Invitation for Bids

**Date of publication: 7th January,2026 (2082/09/23)**

Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods as mentioned below:

| IFB No. | Contract Name | Contract id | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date for Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Upgradation of Karnamarey-Tijukachaura-Shitamotorable road, Malarani-05 | MRM/W/SQ/ 2082/083/19 | 1000.00 | 30,000.00 | 23/01/2026 12:00 P.M (2082/10/09) |
| 2 | Upgradation of Chudartola-Pokhrikachaur-Bharlegairamotorable road , Malarani-04 | MRM/W/SQ/ 2082/083/20 | 1000.00 | 30,000.00 | 23/01/2026 12:00 P.M (2082/10/09) |
| 3 | Upgradation of Bamruk-Bajhakharkamotorable road, Malarani-07 & 08 | MRM/W/SQ/ 2082/083/21 | 1000.00 | 30,000.00 | 23/01/2026 12:00 P.M (2082/10/09) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice.

---

## बर्दघाट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
नवलपरासी -बर्दघाट - सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल
(प्रशासन शाखा)

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०९।२३

प्रस्तुत विषयमा यस कार्यालयको लागि तपसिल बमोजिमको पदमा कार्यक्रम सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०७/०८२/०८३ | वैद्य (अभियानकर्ता) | सहायकस्तर चौंथो | १ जना | |

नोट ; आवश्यक न्यूनतम योग्यता र अनुभव लगायतको थप विवरण वर्दघाट नगरपालिकाको वेव साइट https://bardaghatmun.gov.np/ मार्फत सार्बजनिक गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# अन्तर्राष्ट्रिय सीमाको ट्राफिक व्यवस्थापनमा जुट्यो बेलहिया गाउँ समाज




**मोहम्मद हबिब**

*भैरहवा*

बेलहिया नाकामा अव्यवस्थित सवारीसाधन पार्किङ् र जामको समस्या भएपछि स्थानीयहरु नै जागरुक भई समाधानको लागि उत्रेका छन्। बेलहिया गाउँ समाजको अग्रसरतामा ट्राफिक प्रहरी, इलाका प्रहरी कार्यालय, १ नम्बर वडा कार्यालय, स्थानीयहरुको बैठकले अव्यवस्थित हुँदै गएको बेलहियालाई व्यवस्थित र हराभरा बनाउनका लागि हाम्रो बेलहिया राम्रो बेलहिया र सुन्दर हराभर बेलहिया अभियान सुरु भएको हो।

स्थलमार्ग भई सबैभन्दा बढी पर्यटक आउने अन्तर्राष्ट्रिय नाकाको रुपमा रहेको बेलहियामा अव्यवस्थित पार्किङ्ले सबैले सास्ती खेप्न लागेपछि स्थानीय र सरोकारवाला निकायबिचको बैठकले अर्जुनकुमार गिरीको संयोजकत्वमा २५ सदस्यीय कमिटी गठन भएको छ । हाम्रो बेलहिया राम्रो बेलहिया र सुन्दर हराभर बेलहिया नाम दिएको अभियानले ठेला, रिक्सा, ई-रिक्सा, ट्याक्सीलगायतका सवारीसधनहरुको व्यवस्थापन मात्रै नभई फोहोरमैला, सरसफाइ, लागुऔषध तथा चेलिबेटी बेचबिखन न्यूनीकरणलगायतको क्षेत्रमा काम गर्ने गरी अगाडि बढेको बेलहिया गाउँ समाजका अध्यक्ष सुमन शर्माले बताए।

'समाजको अग्रसरतामा अव्यवस्थित पार्किङ्लाई व्यवस्थित गर्दै हराभरासहितको प्रवेशद्वारको रुपमा दिनका लागि हामीले मंगलाबरदेखि अभियान सुरु गरेका छौं । सौन्दर्यता बढाउनुका लागि कुनै पनि कसर बाँकी नराखी समन्वयात्मक तरिकाले अगाडि बढ्ने गरी अभियान सञ्चालन गरिएको छ।'-अध्यक्ष शर्माले भने । बेलहिया नाकाबारे सबैतिर गलत सन्देश गएकोले त्यसलाई चिर्नका लागि पनि यो अभियान चलाइएको छ।

भारतबाट सवारी भर्ने उद्देश्यले अस्थायी पास बनाउँदै आएका भारतीय नम्बर प्लेटका गाडी, यस क्षेत्रका ई-रिक्सा, ट्याक्सी र क्यासिनोका गाडी अव्यवस्थित रुपमा जथाभावी गाडी रोक्दा बेलहियाको स्वरुपमा नै प्रश्न चिन्ह उठेपछि स्थानीय प्रशासनको सहकार्यमा बेलहियाको राम्रो परिचय बनाउनका लागि कामको सुरुवात भएको छ।

कमिटी र स्थानीय प्रशासनको समन्वयमा सडकको दुबैतर्फको सर्भिस रोडलाई वान वे एकतर्फी बनाउने, जथाभावी गरिएको फोहोरलाई व्यवस्थापन गरी स्वच्छ वातावरणको सृजना गर्ने गरी काम अगाडि बढेको पार्किङ् व्यवस्थापन समिति संयोजक अर्जुन गिरीले बताए।

अन्तर्राष्ट्रिय नाकामा लथालिङ्ग, अस्तव्यस्त पार्किङ्ले स्थानीयको साथै बाहीरी पर्यटकहरुले सास्ती खेप्नु परेकोले यसको व्यवस्थापनका लागि र यो क्षेत्रको सौन्दर्यीकरण गर्नुपर्छ भनेर व्यवस्थापनमा लागेको गिरीले जनाए। एकले मात्रै यो सम्भव नभएकोले सबै सयन्त्रको सहकार्यमा अभियान सुरु गरेको र राम्रो सन्देश बेलहियाले दिने उनले बताए।

पर्यटक भनेको पाहुना हो, उनीहरुलाई स्वच्छ वातावरणमा प्रवेश गराउनु हाम्रो दायित्व हो भन्दै स्थानीयहरु अभियानमा लागेका छन् । पहिलो दिन बाइपासदेखि सीमासम्म प्रभातफेरी गरेर नै अभियानबारे जानकारी गराएको र अस्तव्यस्त रुपमा रहेको ई-रिक्सा, ट्याक्सी गाडीहरुलाई निश्चित ठाउँ तोकेर व्यवस्थापन गर्नेगरी सहमति भएको छ।

ट्राफिक व्यवस्थापन प्रहरीले एक्लैभन्दा सबैको सहकार्यले हुने हुँदा बेलहियाबाट स्थानीय गाउँसमाजको सक्रियातमा व्यवस्थापनको काम अघि बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रतिमा कार्कीले बताइन्।

अव्यवस्थित पार्किङ्लाई कसरी व्यवस्थित र हराभरा बनाउन सकन्छि भनेर स्थानीयको पहलमा पार्किङ् व्यवस्थापन गर्ने काम भएको छ। सर्भिसरोडलाई एक तर्फी बनाई भन्सार कार्यालय अगाडि क्षेत्रमा पार्किङ् गरेका क्यासिनो, ट्याक्सी र ई-रिक्सालाई सम्झाई बुझाई गरेको र आगामी दिनमा अनावश्यक र तोकेको क्षेत्रभन्दा बाहिर पार्किङ् गरेको पाइएमा कानुनअनुसार कारबाही गरिने उनले जानकारी दिएन्।

प्रशासन, गाउँसमाज र सवारीसाधन सम्बद्ध प्रतिनिधिको समझदारीमा भन्सारको २ नम्बर गेटको केही भाग छोडेर सर्भिस रोडतर्फ नम्बरअनुसार १० वटा ट्याक्सी, १५ वटा ई-रिक्सा व्यवस्थापन गर्ने, यस्तै ३ नम्बर गेट छोडेर त्यहाँ हरेक क्यसिनोको एकवटा गाडी नम्बरअनुसार राख्ने तय भएको छ।

# बुटवलमा स्नूकर कभर्ड हल बनाउने मेयरको प्रतिबद्धता




बुटवल। नेपाल बिलियर्डस् पुल तथा स्नूकर संघ रुपन्देहीको आयोजनामा बुटवलमा सम्पन्न नवौं जिल्लास्तरीय खुल्ला स्नूकर प्रतियोगिताको उपाधि अजय सुनारले जितेका छन्।

बुटवलस्थित खस्यौली स्नूकर क्लबमा सोमबार सम्पन्न फाइनल खेलमा रुकु खानलाई ५-१ ले पराजित गर्दै अजयले उपाधि जितेका हुन् । उपाधिसँगै उनले एक लाख रुपैयाँ नगद पुरस्कार जितेका छन् । उपविजेता रुकुले नगद ५० हजार पाएका छन् । स्नूकरको जिल्लास्तरीय प्रतियोगिताको विजेताले पाउने यसपटकको पुरस्कार राशी हालसम्मकै सर्वाधिक हो।

एक हप्तासम्म सञ्चालन भएको प्रतियोगितामा रोहितमान जोशी राइजिङ प्लेयर र सौरभ श्रेष्ठ अनुशासित खेलाडी भए। उनीहरुले नगद ५/५ हजार र स्नूकर स्टिक प्राप्त गरे। प्रतियोगिताका विजयी खेलाडीहरुलाई सोमबार नै पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको छ।

कार्यक्रममा स्नूकर खेलको विकासमा योगदान दिएबापत चिरञ्जिवी जोशी, बुटवल नगर खेलकुद विकास समिति संयोजक बोनिन पिया, निर्णायक दिवस राना र पत्रकार प्रदीप आचार्यलाई दोसल्ला र कदरपत्रसहित सम्मान गरिएको थियो। यस्तै प्रतियोगिता सम्पन्न गर्न सहयोग गर्ने व्यक्ति र संस्थालाई पनि सम्मान गरिएको थियो।

समापन कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले स्नूकर खेलको विकासका लागि उप-महानगरले कभर्ड हल बनाइदिने प्रतिबद्धता व्यक्त गर्दै जग्गा खोजीमा लाग्न संघलाई आग्रह गरे। उनले बुटवल उपमहानगरले देशभरकै स्थानीय तहमा सबैभन्दा धेरै बजेट खेलकुदलाई छुट्टाउने गरेको बताए।

संघका अध्यक्ष सुजन पुनले बुटवल उप-महानगरपालिकामा २०७९ को चुनावबाट नयाँ नेतृत्व आएपछि मात्रै बुटवलमा जिल्लास्तरीय र राष्ट्रियस्तरको प्रतियोगिता भब्यताका साथ सम्पन्न गर्न सहज भएको बताए । उप-महानगरको सहयोगका कारण रुपन्देही जिल्ला स्नूकर खेलमा देशभरमै अग्रणी स्थानमा आउन सफल भएको अध्यक्ष पुनले बताए।

सो अवसरमा बुटवलकी उपमेयर सावित्रादेवी अर्याल, प्रथम पुरस्कारको सौजन्यकर्ता समाजसेवी चुन्नुप्रसाद पौडेललगायतले बोदै स्नुकर खेल अन्तर्राष्ट्रिय जगतमा प्रतिष्ठित खेल भए पनि नेपालमा ओझेलमा परेकाले अब तीनै तहका सरकारको ध्यान जानुपर्ने बताए। समापन कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष बासु प्रधान, महासचिव प्रकाश क्षेत्रीलगायतले आफ्ना भनाइ राख्दै प्रतियोगिता सम्पन्न गर्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए।

# प्रथम बर्दघाट एक्सपो २०८२ सञ्चालन हुने

**गौरीशंकर जयसवाल**

*परासी*




पश्चिम नवलपरासीको बर्दघाटमा प्रथम बर्दघाट एक्सपो २०८२ सञ्चालन हुने भएको छ। उद्योग व्यापार संघ बर्दघाटको आयोजनामा आगामी माघ १३ गतेदेखि २५ गतेसम्म प्रथम बर्दघाट एक्सपो २०८२ सञ्चालन हुने लागेको हो। 'स्थानीय उद्योग र व्यापारः दिगो विकासको आधार' भन्ने मुल नाराका साथ "प्रथम बर्दघाट एक्सपो" सञ्चालन गर्न लागिएको उद्योग व्यापार संघका अध्यक्ष राजु न्यौपानेले जानकारी दिए। उनको अनुसार स्थानीय उद्योगलाई प्रवर्द्धन गर्दै दिगो विकासलाई टेवा पुऱ्याउ भन्ने उद्देश्यसहित औद्योगिक तथा व्यापारिक प्रथम बर्दघाट एक्सपो-२०८२ सञ्चालन गर्न लागिएको हो।

एक्स्पोमा २५० वटा स्टल रहनेछन् भने स्थानीय कृषि उपज, महिला उद्यमीका उत्पादन, घरेलु उद्योगका सामग्रीका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्पादनहरू प्रदर्शनीमा राखिने संघका वरिष्ठ उपाध्यक्ष दिनेश न्यौपाने जानकारी दिए।

एक्सपोमा विभिन्न जातजाति संस्कृति झल्काउने घर खाना परिकारहरू, बालबालिकाका लागि बाल उद्यानको व्यवस्था समेत गरिने तथा विभिन्न सांस्कृतिक कार्यक्रम, ख्यातिप्राप्त कलाकार तथा स्थानीय प्रतिभाहरूको प्रस्तुति रहनेछ।

पर्यटन प्रवर्द्धनका लागि बर्दघाट नगरपालिकाभित्रका धार्मिक तथा पर्यटकीय स्थलहरूको जानकारीमूलक सामग्री र भिडियो प्रदर्शन गरिने तथा उक्त स्थानमा पुग्न चाहाने दर्शक तथा पर्यटकलाई न्यून शुल्कमा उक्त स्थानसम्म सहज यातायातको व्यवस्था गरिएको संघका महासचिव नारायण भण्डारीले जानकारी दिए।

उनको अनुसार एक्सपो अवधिभर करिब १ लाख ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको एक्सपोका बताए। एक्सपो मेलामा ७ करोड बराबरको आर्थिक कारोबार हुने अपेक्षा सघले अपेक्षा लिएको छ।

एक्सपोको साधारण टिकट मूल्य ८० रुपैयाँ तोकिएको छ भने जेष्ठ नागरिक स्थानीय व्यवसायी र विद्यार्थीहरुका लागि सहुलियत टिकट दर रहेको आयोजकले जनाएको छ।

उद्योग व्यापार संघले एक्सपो लोगो पनि अनवारण गरेको थियो।

# सहकारी नियमनको जाँचबुझ गर्न आयोग गठनको तयारी




बुटवल। भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले सहकारी नियमन अनियमितता भेटिएको भन्दै जाँचबुझ आयोग गठनको तयारी गरेको छ।

भूमी व्यवस्थामन्त्री कुमार इङ्नामले सहकारीहरूमाथि हुनुपर्ने नियमन नभएकाले अहिलेको समस्या र बेथिति देखिएको भन्दै त्यसमाथि जाँचबुझ गर्न खोजिएको बताए।

सहकारीभित्र देखिएका समस्याबारे जाँचबुझ गर्न त यसअघि कैयौं समिति र आयोग बनिसकेको भन्दै मन्त्री इङ्नामले यसपाली नियामकहरुमाथि नै जाँचबुझ गर्न खोजिएको बताए।

'हामीले अहिले सहकारी नियमनको भूमिका पाएकाहरूमाथि पनि छानबिन हुनेगरी कार्यादेश दिन खोजेको हो,' मन्त्री इङ्नामले भने-'सहकारी विभागमा भएका कर्मचारीहरुकै कारण नियमन हुन नपाएको र बदमासी भएका कैयौ सूचना आएका छन्। त्यसमाथि छानबिन गर्ने उद्देश्य हो।'

उनका अनुसार, २०४८ सालदेखि सहकारी विभागको नेतृत्व र नीतिगत तहमा बस्नेदेखि अरु कर्मचारीको भूमिका र शंकास्पद भूमिकामाथि छानबिन गर्न खोजिएको हो। सुरुमा तीन सदस्यीय आयोग बनाउन खोजिएकोमा कम समयमा बढी काम गर्नुपर्ने भएकाले पाँच सदस्यीय आयोग गठनको तयारी भएको उनले बताए। उनले अब काम पनि २ महिनामै सकिने बताए।

धितो राख्ने क्रममा गडबडीदेखि सहकारी सञ्चालकहरुले रकम हिनामिना गरेको भेटिएको छ । सहकारी सञ्चालकहरुले बचतकर्ताको नामबाट रकम भुक्तानी लिएर आफैंले राख्नेसम्मको बदमासी गरेको भन्दै मन्त्री कुमार इङ्नामले भने-'नियामक निकायमा बस्नेहरुका कारण समस्या देखिएकाले हामीले जाँचबुझ आयोग नै गठन गर्नुपर्ने भनेका हौं।'

# नवीन माविले मनायो स्वर्ण महोत्सव




बुटवल। देशकै अब्बल तथा उत्कृष्ट सामुदायिक विद्यालयको रूपमा चिनिएको नवीन औद्योगिक कदरबहादुर रीता माविले स्थापनाको ५० वर्ष पूरा गर्दै स्वर्ण महोत्सव मनाएको छ। वि.सं २०३३ सालमा स्थापना भएको विद्यालयले अर्धशताब्दी प्रवेशसँगै विविध शैक्षिक, खेलकुद तथा सांस्कृतिक कार्यक्रमसहित स्वर्ण महोत्सव मनाएको हो।

मंगलबार आयोजना गरिएको मूल समारोहको बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेयले उद्घाटन गरे। सोही अवसरमा बोल्दै उनले शिक्षा र स्वास्थ्य क्षेत्रमा आम नागरिकको सहज पहुँच हुनुपर्ने बताए । विद्यार्थीलाई सैद्धान्तिक तथा सीपमूलक शिक्षा दिनु अहिलेको अपरिहार्य आवश्यकता भएको बताउँदै उनले विद्यार्थीलाई शैक्षिक प्रमाणपत्र दिँदै गर्दा प्राविधिक सीपसहितको प्रमाणपत्र पनि सँगसँगै दिनुपर्नेमा जोड दिएका थिए।

बुटवलले शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, खेलकुद र रोजगारीलाई मुख्य प्राथमिकतामा राखेर काम गरीरहेको नगर प्रमुख पाण्डेयले बताए। 'अहिले बुटवलले शिक्षा र स्वास्थ्यमा एक खालको फड्को मारेको छ, सरकारी विद्यालयहरुमा देशभरिकै नमूना विद्यालयका रुपमा बुटवलले स्थापित गरेको छ', नगर प्रमुख पाण्डेयले भने-'यहाँका सबै विद्यालयहरुलाई कम्प्युटर, आइटीसँग जोडेर प्रविधियुक्त विद्यालय र दक्ष जनशक्ति उत्पादन गर्ने अभियान सुरु भएको छ।'

शैक्षिक क्षेत्रमा नवीन औद्योगिक माविको भूमिका महत्वपूर्ण रहेको बताउँदै उनले देशका ५८ जिल्लाका विद्यार्थीहरु अध्ययन गर्ने अब्बल सामुदायिक विद्यालयको रुपमा पहिचान बनाउन सकेकोमा बधाई ज्ञापन गरे।

सोही अवसरमा उनले स्वर्ण महोत्सव दर्पण विमोचन तथा स्वर्ण महोत्सव स्तम्भ-२०८२ अनावरण समेत गरेका थिए।

त्यस्तै नगर उपप्रमुख सावित्रादेवि अर्यालले सामुदायिक विद्यालयले पनि गुणस्तरीय शिक्षा प्रदान गर्दै उत्कृष्ट नतिजाका साथ देशकै नमूना विद्यालय बन्न सक्छन् भन्ने गर्विलो उदाहरण नवीन औद्योगिक माविले प्रस्तुत गर्न सफल भएको बताइन्।

विद्यालय तहको शिक्षाको अभिभावक स्थानीय सरकार भएकोले बुटवलभित्रका विद्यालयहरुको शैक्षिक र भौतिक उन्नतिको लागि उपमहानगरपालिका दिर्घकालिन योजनाका साथ अघि बढेको उनले बताइन्।

बुटवल-११ का वडाध्यक्ष रामचन्द्र क्षेत्रीले विद्यालयले शिक्षाको गुणस्तरमा ब्यापक सुधार गर्दै हरेक वर्ष उत्कृष्ट नतिजा ल्याउँदा नवीनमा धेरै विद्यार्थी र अभिभावकको दृढ विश्वास बढ्दै गएको बताए।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै आगामी रणनीतिक योजनाहरुबारे जानकारी गराए । विद्यालयमा व्यवस्थापन समिति गठन हुन नसक्दा कार्यसम्पादनमा समस्या भएको उनको भनाइ थियो।

सामुदायिक विद्यालयको गुणस्तर बढाउन राज्यले थप लगानी गर्नुपर्नेमा जोड दिँदै उनले विद्यार्थी, शिक्षक र अभिभावक सबैको लगनशिलता र मिहेनतका कारण विद्यालयले यो सफलता पाएको बताए।

अध्ययन सँगसँगै खेलकुद र विद्यार्थीको नेतृत्व विकास तथा व्यक्तित्व निर्माणमा समेत विद्यालयले जोड दिँदै आएको प्रधानाध्यापक बस्नेतले बताए।

विद्यार्थी संख्याको आधारमा देशकै पाँचौं नम्बरमा रहेको यस विद्यालयले उत्कृष्ट नतिजासहित विभिन्न अवार्ड र पुरस्कार प्राप्त गरिसकेको छ।

कक्षा ११/१२ मा व्यवस्थापन, सिभिल इञ्जिनिरिङ, विज्ञान, होटल म्यानेजमेन्ट, कानुन र शिक्षा समूह अध्यापन हुँदै आएको विद्यालयले डिजिटल माध्यमलाई प्राथकिकता दिएको प्रधानाध्यापक बस्नेतले उल्लेख गरे।

विद्यालयमा राष्ट्रिय सेवा दलअन्तर्गत सिनियर डिभिजन २०औं क्याडेट सञ्चालनमा रहेको छ, जसमा १५ छात्र र १५ छात्रा सहभागी छन् । शैक्षिक असल अभ्यासतर्फ आ.व. २०८१/०८२ मा सातै प्रदेशका ४२ विद्यालयमध्ये नेपाल द्वितीय स्थान हासिल गर्दै विद्यालयले अस्ट्रेलियाको राजधानी क्यानबेरामा २३ अक्टोबर २०२४ मा 'बेष्ट प्रिन्सिपल अवार्ड' प्राप्त गरेको विद्यालयका सहायक प्रधानाध्यापक अर्जुन खनालले बताए।

यस विद्यालयमा अध्ययन गरेका विद्यार्थीले एसईई, कक्षा १२ मा ४ जीपीए तथा एमबीबिएस र इञ्जिनियरमासमेत पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएको उनले बताए।

विद्यालयले विद्यार्थीको नेतृत्व विकास र व्यक्तित्व निर्माणमा विशेष जोड दिँदै आएको छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार विद्यार्थीबाट उद्घोषण, फिल्ड भिजिट तथा प्रयोगात्मक अभ्यासका अनुभव अंग्रेजी भाषामा प्रस्तुत गराउनेलगायतका अभ्यास गरिएको उनले बताए।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीका प्रमुख विष्णुप्रसाद पन्थी, सामाजिक डिभिजन कार्यालय रुपन्देहीका प्रमुख हरिबहादुर बिष्ट, प्राध्यापक आनन्दमान सिंह शाक्य, नेकपा एमाले बुटवलका अध्यक्ष शोभाखर पोखरेललगायतले आ-आफ्नो भनाइ राख्दै विद्यालयले विद्यार्थीलाई शिक्षा, अनुशासन, सामाजिक मूल्यमान्यता र देशभक्तिको ज्ञान दिई असल नागरिक बन्न सिकाउनुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा राष्ट्रिय सेवा दल, स्काउट र अन्य विद्यार्थीहरुले मार्चपास, पिटि प्रदर्शन, विविध संस्कृति झल्कीने नृत्य, नाटक प्रस्तुत गरेका थिए। सोही अवसरमा एसईई, कक्षा १२ तथा अन्य कक्षामा उत्कृट नतिजा ल्याउन सफल विद्यार्थीहरु, शिक्षक कर्मचारीहरुलाई सम्मान गरिएको थियो । कार्यक्रम विद्यालयका सहायक प्रधानाध्यापक रोमनाथ घिमिरेलको स्वागत तथा कानुन समूह इञ्चार्ज लोकप्रसाद खरेलको सञ्चालनमा सम्पन्न भएको थियो।

**अनलाइन संयोजक आचार्यसहित ८ पत्रकार पुरस्कृत**

विद्यालयले स्वर्ण महोत्सवका अवसरमा दैनिक लुम्बिनी राष्ट्रिय दैनिकका अनलाइन संयोजक प्रदीप आचार्यसहित ८ जना पत्रकारहरुलाई नगदसहित पुरस्कृत गरेको छ।

विद्यालयका हरेक गतिविधिलाई प्रचार प्रसार गर्न महत्वपूर्ण भूमिका खेलेको भन्दै स्वर्ण महोत्सवका अवसरमा आचार्यलाई पुरस्कृत गरिएको हो।

पुरस्कृत हुने अन्य पत्रकारहरुमा राज्य टेलिभिजनका यमलाल भुसाल, नयाँ पत्रिकाका विष्णु घिमिरे, दैनिक पत्रका कृष्ण रणपाल, बुटवल टुडेका माया केसी, बुद्ध टेलिभिजनका कल्पना डुम्रे, मेचिकाली दैनिकका रमेश पराजुली र लुम्बिनी टेलिभिजनका नगेन्द्र कार्की रहेका छन्।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com